☎ फोन नं.: 9855048897
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, बारा

(कार्यक्षेत्र: बारा र पर्सा)

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति : २०८३/०३/१०**

चालु आ.व. २०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रमका लागि यस एकाइको कार्यक्षेत्र रहेका जिल्लाहरु बारामा संचालित सुपरजोन/जोन क्षेत्रभित्रका निर्धारित बालीवस्तुको तपसिलका कार्यक्रममा सहकार्य गरी कार्यक्रम संचालन गर्न इच्छुक सूचिकृत समूह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि बजार व्यवस्थापन समिति/कृषि फर्म/कम्पनी/स्थानीय तहहरुले मिति २०८३/०३/१२ गते (३ दिन) भित्र आफूले संचालन गर्न चाहेको कार्यक्रमका लागि आवश्यक कागजात सहित आवेदन/प्रस्ताव पेश गर्नु हुन अनुरोध छ साथै रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन् । थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल :

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | कैफियत |
|---|---|---|---|
| १ | कस्टम हायरिङ्ग सेन्टर स्थापना | पटक | |

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रु १०' को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदक फारम।
२. कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) ।
३. प्यान नम्बरको प्रतिलिपि ।
४. आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह/सहकारी समितिको हकमा) ।
६. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. सार्वजानिक निर्माण सँग सम्बन्धित कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा/जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा दश वर्षको प्रमाणित सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
८. अन्य निकायबाट सोही प्रकृतिको कामबाट लाभान्वित नभएको र दोहोरो अनुदान नलिएको प्रतिबद्धता पत्र पेश गर्ने ।
९. ट्याक्ट्र एटेचमेन्ट माँग गर्नका लागि, सम्बन्धित कृषक समूह/सहकारी/निजी फर्मको नाममा दर्ता रहेको ट्याक्ट्रको ब्लुबुक (नविकरण भएको) प्रतिलिपि ।
१०. यस कार्यक्रमबाट विगतमा कुनै सहयोग प्राप्त नगर्ने प्रस्तावकहरुलाई ग्राहयता प्रदान गरिनेछ ।
११. बढि लागत साझेदारी जुटाउने र स्थानीय तह वा अन्य साझेदार निकायसँगको सहकार्यमा संचालन गरिने प्रस्तावहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।
१२. रित पूर्वक तयार गरिएका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन एकाइ बारा र जोन प्राविधिक एकाइ पर्सामा सम्बन्धित शाखा (जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन/छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।
१३. स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि/पशु सेवा शाखाको सिफारिस पत्र ।
१४. कार्यालयले माँग गरेको अन्य कागजातहरु कार्यालयको नियमानुसार हुनेछ ।

नोट : यस सम्बन्धी थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारामा सम्पर्क राख्नु हुन अनुरोध छ । सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

.....................
बरिष्ठ कृषि अधिकृत